स्थानीय नश्लका पशुपन्छी संरक्षण सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०५/३१ मा स्वीकृत)

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०८०/०८/१५ मा संशोधित)

स्थानीय नश्लका पशुपन्छी गाई/ चौंरी गाई, भैंसी, भेडा ,बाख्रा, बंगुर, कुखुरा/हाँस को आनुवांशिक स्रोतको संरक्षण प्रवर्द्धन र उपयोग गर्न गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएकोव अधिकार प्रयोग गरी स्थानीय नश्लका पशुपन्छी र आनुबांशिक स्रोत संरक्षण सम्बन्धी कार्यक्रम संचालन गर्न कृषि तथा भूमि व्यवस्था मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१ आवेदकको योग्यता र पेश गर्नु पर्ने कागजातहरूः

१.१ आवेदकको योग्यताः

क) आवेदक समूह, समिति, सहकारी, स्थानीय तह वा शिक्षण संस्था हुनुपर्नेछ। *

ख) =====================

आवेदकले अनुसूचि १ बमोजिमको न्यूनतम पशुपन्छी संख्या पालन गर्ने वा गरेको हुनुपर्नेछ। ++++

१.२ पेश गर्नुपर्ने कागजातहरु :

क) कार्यक्रम संचालनका लागि छनौट भएका पशुपन्छीका जात बाहेक अन्य नश्लसँग प्रजनन् हुन सक्ने कुनै पनि वयष्क भाले पशुसँग प्रजनन् नगराउने प्रतिवद्वता पेश गर्नुपर्नेछ।

ख) आवेदकको कम्तिमा १० प्रतिशत लागत साझेदारी हुने गरी बूदा नं ३ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ग) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ उपदफा (३) मा उल्लेखित कागजातहरू पेश गर्नुपर्नेछ।

२. प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरूः

| क.सं. | विवरण | अंक भार |
|---|---|---|
| १.० | व्यवसायिक योजनाको प्रस्ताव लागत र समय रोजगारी सृजना तथा उत्पादन तथा उत्पादकत्व वृद्वि बजारीकरण | २० |
| १.१ | लागत | ५ |
| १.१.१ | कूल लागतमा आवेदकको ५०% भन्दा वढी लागत साझेदारी भएको | ५ |
| १.१.२ | कूल लागतमा आवेदकको २५-५०% भन्दा वढी लागत साझेदारी भएको | ४ |
| १.१.३ | कूल लागतमा आवेदकको १०-२५% भन्दा वढी लागत साझेदारी भएको | ३ |
| १.२ | उत्पादन र उत्पादकत्व वृद्वि | ५ |
| १.२.१ | हालको उत्पादनमा ४० प्रतिशत वा सो भन्दा बढीले वृद्वि | ५ |



प्रथम संसोधनबाट संसोधित *
===प्रथम संसोधनबाट झिकिएको
++++ प्रथम संसोधनबाट थपिएको

| | | |
|---|---|---|
| १.२.२ | हालको उत्पादनमा ४० प्रतिशत वा सो भन्दा कमले बृद्धि | ३ |
| १.३ | **बजारीकरण** | १० |
| १.३.१ | आफ्नो कूल उत्पादन मध्ये ५०% वा सो भन्दा बढी परिमाण विकि गर्ने | १० |
| १.३.२ | आफ्नो कूल उत्पादन मध्ये ५०% वा सो भन्दा कम परिमाण विकि गर्ने | ६ |
| २.० | **पूर्वाधार र प्राविधिक उपयुक्ता** | १० |
| २.१ | पूर्वाधार | ५ |
| २.१.१ | बाटो, पानी र बिजुलीको सुविधा भएको | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा बढी सुविधा नभएको | ३ |
| २.२ | **प्राविधिक उपयुक्तता** | ५ |
| २.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, उपयुक्त हावापानी भएको घाँसमा आधारित पशुपालन भएको (घाँसमा आधारित पशुपालन आवश्यक नभएमा मुल्याङ्कनमा नराखे) | ५ |
| २.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको, उपयुक्त हावापानी नभएको घाँसमा आधारित पशुपालन नभएको (घाँसमा आधारित पशुपालन आवश्यक नभएमा मुल्याङ्कनमा नराखे) | ३ |
| ३.० | **आवेदकको अनुभव तथा क्षमता** | ५ |
| ३.१ | २ वर्ष वा सो भन्दा बढी | ५ |
| ३.२ | २ वर्ष वा सो भन्दा कम | ३ |
| ४.० | **लाभान्वित घरधुरी** | ५ |
| ४.१ | १० वा १० भन्दा बढी | ५ |
| ४.२ | १० वा १० भन्दा कम | ३ |
| ५.० | **पशुपन्छीको संख्या** | १५ |
| ५.१ | कार्यक्रम संचालन हुने स्थानीय नक्षको पशुपन्छीको संख्या सोही प्रजातिको कुल पशुपन्छीको संख्याको ६० प्रतिशत भन्दा बढी भएको | १५ |
| ५.२ | कार्यक्रम संचालन हुने स्थानीय नक्षको पशुपन्छीको संख्या सोही प्रजातिको कुल पशुपन्छीको संख्याको ६० प्रतिशत भन्दा कम भएको | ७ |
| ६.० | **अपेक्षित नतिजा र दिगोपना** | ५ |
| ७.० | अघिल्ला दुई आ.व. मा कुनै कार्यालयबाट अनुदान लिउ/नलिएको | १० |
| ७.१ | नलिएको | १० |
| ७.२ | प्रस्तावमा उल्लेखित कृयाकलाप भन्दा फरक प्रकृतिको कृयाकलाप गर्नको लागि लिएको | ५ |
| जम्मा | | ७० |

नोटः *कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण पूर्वाधार प्राविधिक उपयुक्तता पशुपन्छी संख्याको प्रस्तावमा उल्लेखित विवरणहरूको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**३. प्रस्तावको ढाँचा**



प्रथम संसोधनबाट संसोधित *
===प्रथम संसोधनबाट झिकिएको
++++ प्रथम संसोधनबाट थपिएको

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं:

ग) कार्यक्रम संचालन हुने स्थानः

घ) संचालन गर्ने व्यवसाय र उद्देश्यः

ङ) लाभान्वित घरधुरी संख्याः

च) कार्यक्रम संचालन हुने घरधुरीमा रहेको पशु/पन्छीको

अ) जम्मा संख्याः आ) स्थानीय जातको जम्मा संख्या

छ) संचालन गरिने कियाकलापको विवरण

| क.स. | कियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कुलरकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूलेव्यहोर्ने | मागगरिएको | | |
| अ) | पुँजीगत कार्य | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | अन्य कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

ज) प्रस्तावित कार्यक्रम सञ्चालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, वार्षिक उत्पादन आदि):

| क.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | वार्षिक उत्पादन | | | | |
| | | | | | |
| | | | | | |
| इ) | अन्य उपलब्धिहरु | | | | |
| | | | | | |
| जम्मा | | | | | |

झ)उत्पादित वस्तुहरुको बजारीकरण कहाँ, कसरी र कति मात्रामा गर्ने :



प्रथम संसोधनबाट संसोधित *

===प्रथम संसोधनबाट झिकिएको

++++ प्रथम संसोधनबाट थपिएको

ट) नयाँ सोच तथा व्यवसायलाई दिगोरुपमा संचालन गर्ने भावी योजना :

प्रस्तावकको

फार्म/संस्थाको नाम ठेगानाः संस्थाको छापः

सम्पर्क व्यक्तिः सम्पर्क नं.

दस्तखतः मितिः

४ संचालन गरिने क्रियाकलापहरूः

स्वीकृत बजेटको परिधी भित्र रही देहायका क्रियाकलापहरु संचालन गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

क. खोर/गोठ निर्माण (बँधुवा प्रणालीमा प्रति कृषक अधिकतम रु २५,०००/- र घुम्ति गोठ/सामुहिक प्रणालीमा प्रति गोठ/खोर अधिकतम रु ५,००,०००/- * सम्म उपलब्ध गराउन सकिने) ।

ख. औजार तथा उपकरण खरिद।

ग. फोहोर/मलखाद तथा खाने पानीको व्यवस्थापन।

घ. आहारा व्यवस्थापन कार्यक्रम (चरन खर्क सुधार समेत) (दाना खरिद बाहेक)।

ङ. पशु स्वास्थ्य सम्बन्धी कार्यक्रम (परजिवी नयन्त्रइका लागि औषधि खरिद, खोप, डिपिङ ट्याङ्क निर्माण)।

च. उत्पादन विविधिकरण र बजारीकरणका लागि आवश्यक कार्यहरू।

छ. स्वजातिय नक्ष्ल सुधारका लागि उच्च प्रजनन् मान भएको प्रजनन् योग्य भाले खरिद तथा वितरण।

ज. घुम्ति गोठको लागि घोडेटो बाटो मर्मत तथा काठे पुल व्यवस्थापन।

५. कार्यक्रम संचालनका न्यूनतम शर्तहरूः

क) छनौट भएका स्थानमा रहेका स्थानीय नक्ष्लको पशुपन्छीको जानीय सुधार तथा उत्पादन वृद्धि गर्न छनौटमा आधारित प्रजनन् प्रणाली अपनाई स्वजातिय नक्ष्ल सुधार गर्नुपर्नेछ र उक्त कार्यको लागि प्राविधिक पृष्ठपोषण कार्यालयले गर्नुपर्नेछ।

ख) उत्पादित पशुपन्छी जन्य पदार्थहरुको व्यवसायिक उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी कार्यक्रम संचालन गर्नुपर्ने।

अनुसूचि-१ आवश्यक न्युनतम पशुपन्छी संख्या +++++++

| गण्डकी प्रदेशमा भएका स्थानिय पशुपन्छी आनुवांशिक स्रोतहरु | | | | |
|---|---|---|---|---|
| गाई | पहाडी | याक | लुलु | तराई गाई |
| संख्या | ५० | ५० | २० | ५० |
| भैंसी | लिमे | पारकोटे | | |
| संख्या | ५० | ५० | | |
| बाख्रा | खरी | सिन्हाल | च्याङ्ग्रा | तराई बाख्रा |
| संख्या | २०० | १५० | २०० | १५० |



प्रथम संसोधनबाट संसोधित *

===प्रथम संसोधनबाट झिकिएको

++++ प्रथम संसोधनबाट थपिएको

| | | | | |
|---|---|---|---|---|
| भेडा | भ्याङलुङ | बरुवाल | कागे | लामपुच्छे |
| संख्या | २०० | २०० | ५० | ५० |
| बंगुर | च्वाँचे | हुर्रा | | |
| संख्या | ५० | ५० | | |
| कुखुरा | साकिनी | घाँटी खुइले | प्वाँख उल्टे | |
| संख्या | ५०० | २०० | २०० | |



प्रथम संसोधनबाट संसोधित *
===प्रथम संसोधनबाट झिकिएको
++++ प्रथम संसोधनबाट थपिएको